# सहकारी ऐन, २०४८

लालमोहर र प्रकाशन मिति

२०४९।२।२

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ | २०५७।४।२६ |
| २. सहकारी (पहिलो संशोधन) ऐन, २०५७ | २०५७।८।२१ |

## २०४९ सालको ऐन नं ८

## सहकारी संस्था तथा संघहरुको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : देशका कृषक, कालीगढ, कम पूँजीवाल र निम्न आयवर्ग, श्रमिक, भूमीहीन तथा बेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासको लागि पारस्परिक सहयोग र सहकारिताको आधारमा विभिन्न किसिमका सहकारी संस्था तथा संघहरुको गठन र संचालन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सहकारी ऐन, २०४८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा ,

(क) "संस्था" वा "संघ" भन्नाले दफा ५ बमोजिम दर्ता भएको सहकारी संस्था वा संघ सम्झनु पर्छ ।

(ख) "सदस्य" भन्नाले संस्था वा संघको विनियम बमोजिम शेयर खरीद गरी सदस्यता प्राप्त गरेको व्यक्ति, संस्था, संघ वा अन्य निकाय सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले संस्था वा संघको विनियम बमोजिम गठन भएको संचालक समिति सम्झनु पर्छ ।

(घ) " रजिष्ट्रार" भन्नाले दफा २१ बमोजिम नियुक्त भएको रजिष्ट्रार सम्झनु पर्छ ।

(ङ) "साधारण सभा" भन्नाले सम्बन्धित संस्था वा संघको साधारण सभा सम्झनु पर्छ ।

(च) " विनियम" भन्नाले सम्बन्धित संस्था वा संघको विनियम सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## संस्था वा संघको गठन

३. **संस्था वा संघको गठन** : (१) सहकारी सिद्धान्त अनुरुप आफ्ना सदस्यहरुको आर्थिक तथा सामाजिक विकासको लागि सेवा तथा सुविधा पुऱ्याउने उद्देश्यले देहाय बमोजिमको संस्था वा संघ गठन गर्न सकिनेछः-

(क) कम्तिमा पच्चीस जना व्यक्तिहरु सदस्य भएको प्रारम्भिक संस्था ।

(ख) खण्ड (क) बमोजिमको कम्तिमा पाँचवटा संस्थाहरु सदस्य भएको विषयगत संघ ।

(ग) खण्ड (क) बमोजिमका संस्थाहरु वा खण्ड (ख) बमोजिमका विषयगत संघहरु वा दुवै गरी कम्तिमा पाँचवटा संस्थाहरु वा संघहरु सदस्य भएको जिल्ला सहकारी संघ ।

(घ) खण्ड (क) बमोजिमका कम्तिमा पच्चीसवटा विषयगत संस्थाहरु वा खण्ड (ख) बमोजिम कम्तिमा पाँचवटा विषयगत संघहरु सदस्य भएको केन्द्रीय सहकारी संघ ।

(ङ) खण्ड (ख), (ग) र (घ) बमोजिमका कम्तिमा पन्ध्रवटा संघहरु सदस्य भएको राष्ट्रिय सहकारी संघ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै जिल्लामा एक भन्दा बढी जिल्ला सहकारी संघ वा एकै प्रकृतिका विषयगत संघ तथा एकै प्रकृतिका एक भन्दा बढी केन्द्रीय सहकारी संघ गठन गर्न सकिने छैन ।

(३) संस्था वा संघको कार्यक्षेत्र सोही संस्था वा संघको विनियममा तोकिए बमोजिम हुनेछ ।

४. **संस्था वा संघ दर्ता गर्न दरखास्त दिने** : (१) दफा ३ बमोजिम गठन भएको संस्था वा संघ दर्ता गर्नको लागि सम्बन्धित सदस्यहरुले रजिष्ट्रारसमक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा सम्बन्धित संस्था वा संघको दुईप्रति विनियमहरु, कार्य योजना तथा सदस्यहरुले लिन कबूल गरेको शेयरको विवरण संलग्न गरी दरखास्तमा कम्तीमा दफा ३ बमोजिमका सदस्यहरुको दस्तखत भएको हुनु पर्नेछ ।

५. **संस्था वा संघ दर्ता गर्ने** : (१) दफा ४ बमोजिम संस्था वा संघ दर्ता गर्नको लागि परेको दरखास्तमा रजिष्ट्रारले सो संस्था वा संघको विनियम सहकारी सिद्धान्त बमोजिम छ छैन भन्ने सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखेमा रजिष्ट्रारले संस्था वा संघ दर्ता गरी तोकिए बमोजिम दर्ताको प्रमाणपत्र दिनेछ ।

६. **दर्ता गर्न अस्वीकार गर्न सक्ने** : (१) दफा ५ को उपदफा (१) बमोजिम जाँचबुझ गर्दा रजिष्ट्रारले कुनै कुरा संशोधन गर्नु पर्ने देखेमा पन्ध्र दिन भित्र सम्बन्धित संस्था वा संघ दर्ता गर्न आवेदन दिने व्यक्तिहरुलाई संशोधनका लागि सूचना दिनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना अनुसार संशोधन गर्न आवेदकहरुले अस्वीकार गरेमा वा त्यस्तो सूचना पाएको मितिले पैंतीस दिन भित्र संशोधन नगरेमा रजिष्ट्रारले संस्था वा संघ दर्ता गर्न अस्वीकार गर्न सक्नेछ र दर्ता गर्न नसकेको कारण खोली सोको जानकारी सम्बन्धित आवेदकहरुलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम रजिष्ट्रारले संस्था वा संघ दर्ता गर्न अस्वीकार गरेकोमा चित्त नबुझ्ने आवेदकले नेपाल सरकार समक्ष उजूर गर्न सक्नेछ ।

७. **संस्था वा संघ संगठित संस्था हुने** : (१) संस्था वा संघ अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) संस्था वा संघको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) संस्था वा संघले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र कुनै प्रकारले बन्दोवस्त गर्न सक्नेछ ।

(४) संस्था वा संघले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

८. **संस्था वा संघको दायित्व सीमित हुने** : (१) संस्था वा संघको दायित्व सीमित हुनेछ ।

(२) प्रत्येक संस्था वा संघको नाममा “सहकारी” र नामको अन्तमा “लिमिटेड” भन्ने शब्द रहनेछ ।

## परिच्छेद-३

## संस्था वा संघको सदस्यता

९. **संस्थाको सदस्यता** : (१) देहाय बमोजिमका नेपाली नागरिकहरु संस्थाको सदस्य हुन सक्ने छन् :-

(क) संस्था दर्ता गर्न निवेदन दिने व्यक्तिहरु,

(ख) संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेका दफा २३ बमोजिम बिक्री भएको शेयर खरीद गरी संस्थाको सेवा प्राप्त गर्न चाहने, सदस्यताको जिम्मेवारी बहन गर्न स्वीकार गर्ने र विनियममा उल्लिखित शर्तहरु पूरा गर्ने व्यक्तिहरु,

(ग) दफा २३ को उपदफा (१) बमोजिम बिक्री भएको शेयर खरीद गर्ने निकायहरु ।

(२) संस्थाको सदस्य हुन चाहने व्यक्तिले समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(३) समितिले सदस्यता प्रदान गर्न अस्वीकार गरेको खण्डमा निवेदकले साधारण सभा समक्ष उजूर गर्न सक्नेछ र सो सम्बन्धमा साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

(४) अनिवार्य वचत शेयर पूँजीमा परिणत भई शेयर सदस्य हुन पुगेका व्यक्तिहरुले वचत रकम फिर्ता पाएपछि उनीहरुको सदस्यता स्वतः हटनेछ ।

१०. **संघको सदस्यता** : (१) विषयगत संघहरुमा सो संघको कार्यक्षेत्र भित्रका सम्बन्धित विषयगत संस्थाहरुले संघको विनियममा भएको व्यवस्था अनुरुप सदस्यता प्राप्त गर्न सक्नेछन् ।

(२) जिल्ला सहकारी संघमा सो संघको विनियममा भएको व्यवस्था अनुरुप सम्बन्धित जिल्ला भित्रका सबै संस्थाहरु तथा विषयगत संघहरु सदस्य हुन सक्नेछन् ।

(३) केन्द्रीय सहकारी संघमा सो संघको विनियममा भएको व्यवस्था अनुसार विषयगत संस्थाहरु तथा विषयगत संघहरु सदस्य हुन सक्नेछन् ।

(४) राष्ट्रिय सहकारी संघमा सवै संघहरु तथा राष्ट्रिय सहकारी संघको विनियममा उल्लेख भए बमोजिमका अन्य निकायहरु सदस्य हुन सक्नेछन् ।

(५) सम्बन्धित संघमा दफा २३ को उपदफा (१) बमोजिम बिक्री भएको शेयर खरीद गर्ने निकायहरु सदस्य हुन सक्नेछन् ।

११. **सदस्यताको समाप्ति** : संस्था वा संघको सदस्यता तोकिए बमोजिमको अवस्थामा समाप्त हुनेछ ।

## परिच्छेद–४

## कार्य संचालन विधि

१२. **विनियम** : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुको अधीनमा रही संस्था वा संघले आफ्नो कार्य संचालन गर्न विनियम बनाउन सक्नेछ । यसरी बनाइएको विनियम रजिष्ट्रारले स्वीकृत गरेपछि लागू हुनेछ ।

(२) प्रत्येक संस्था वा संघको संचालन तथा व्यवस्थापन सो संस्था वा संघको विनियम बमोजिम हुनेछ ।

(३) विनियममा संस्था वा संघको नाम, ठेगाना, कार्यक्षेत्र, उद्देश्य, संचालन विधि तथा तोकिए बमोजिमका अन्य विवरणहरु खुलाइएको हुनु पर्नेछ ।

(४) विनियमको संशोधन सम्बन्धित संस्था वा संघको साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतले गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम संशोधन गरिएको विनियम रजिष्ट्रारले स्वीकृत गरे पछि लागू हुनेछ ।

१३. **साधारण सभा** : (१) प्रत्येक संस्था वा संघको एक साधारण सभा हुनेछ ।

(२) संस्थाका सबै सदस्यहरु संस्थाको साधारण सभाको सदस्य हुनेछन् ।

(३) संघको साधारण सभामा विनियममा उल्लेख गरिए बमोजिमका सदस्यहरु रहनेछन् ।

१४. **साधारण सभाको काम, कर्तव्य र अधिकार** : साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संस्था वा संघको वार्षिक हिसाब जाँच गरी अनुमोदन गर्ने ।

(ख) संचालक समिति तथा लेखा समितिको निर्वाचन गर्ने तथा कुनै संचालकलाई हटाउने वा समिति विघटन गर्ने सम्बन्धमा निर्णय गर्ने ।

(ग) संचालक समिति तथा लेखा समितिको प्रतिवेदन माथि छलफल गर्ने र निर्देशन दिने ।

(घ) विनियम संशोधन सम्बन्धी निर्णय गर्ने ।

(ङ) संस्था वा संघको विभाजन वा अन्य संस्था वा संघसंग एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने ।

१५. **साधारण सभाको बैठक** : (१) प्रत्येक संस्था वा संघले दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र प्रत्येक संस्था वा संघले वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(३) तोकिए बमोजिमको अवस्थामा संस्था वा संघको विशेष साधारण सभा बोलाउन सकिनेछ ।

(४) साधारण सभाको बैठकको गणपूरक संख्या तोकिए बमोजिम हुनेछ ।

तर विनियम संशोधन गर्नु पर्दा साधारण सभाको कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरुको उपस्थिति आवश्यक हुनेछ ।

१६. **संचालक समिति** : (१) प्रत्येक संस्था वा संघको एक संचालक समिति हुनेछ ।

(२) समितिको गठन एवं काम, कर्तव्य र अधिकार सम्बन्धित संस्था वा संघको विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) समितिको कार्यावधि पाँच वर्षमा नबढ्ने गरी विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

(४) समितिले आफ्नो कार्यावधि समाप्त हुनु अगावै नयाँ समितिको निर्वाचन गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम समयभित्र समितिले निर्वाचन नगराएमा कुनै पनि सदस्यले सो को जानकारी रजिष्ट्रारलाई गराउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको जानकारी प्राप्त भएमा वा नभएमा पनि समितिको कार्यावधि समाप्त भएको मितिले छ महिना भित्र रजिष्ट्रारले समितिको निर्वाचन गराउनु पर्नेछ ।

(७) उपदफा (४) वा (६) बमोजिम नयां समितिको निर्वाचन नभएसम्म साविककै समितिले विनियममा व्यवस्था भए बमोजिम कार्य संचालन गर्न सक्नेछ ।

१७. **लेखा समिति** : (१) प्रत्येक संस्थाको साधारण सभाले एकजना संयोजक समेत तीनजना सदस्य भएको एउटा लेखा समिति निर्वाचनद्वारा गठन गर्न सक्नेछ ।

(२) लेखा समितिले नियमित रुपमा संस्थाको आन्तरिक लेखापरीक्षण गराउन र समितिलाई सुझाव दिन सक्नेछ ।

(३) लेखा समितिले आफ्नो लेखा सम्बन्धी प्रतिवेदन साधारण सभामा पेश गर्नु पर्नेछ ।

१८. **समितिको सदस्यको निष्कासन वा समितिको विघटन** : (१) समितिको कुनै निर्वाचित सदस्यलाइ निष्कासन गर्नु पर्ने वा समितिलाई विघटन गर्नु पर्ने औचित्य छ भनी साधारण सभाका पाँच प्रतिशत सदस्यहरुले कारण खोली साधारण सभामा पेश गरेको प्रस्तावलाई साधारण सभाको बहुमतले पारित गरेमा त्यस्तो समितिको सदस्यलाई निष्कासन गर्न वा समितिलाई विघटन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम समितिको कुनै सदस्यलाई निष्कासन गरिएमा त्यसरी निष्कासन गरिएको सदस्यको ठाउँमा साधारण सभाले बाँकी अवधिका लागि अर्को सदस्यको निर्वाचन गर्नेछ ।

(३) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचनको व्यवस्था गर्नेछ ।

(४) लेखा समितिको सदस्यको निष्कासन वा लेखा समितिको विघटनको सम्बन्धमा पनि उपदफा (१), (२) र (३) मा उल्लेख गरिएको सबै व्यवस्थाहरु लागू हुनेछन् ।

१९. **उपसमितिहरु** : (१) संस्था वा संघको कार्य सम्पादनको निमित्त समितिले विनियममा व्यवस्था भए बमोजिम उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

२०. **कर्मचारी तथा सल्लाहकारहरुको नियुक्ति** : (१) संस्था वा संघको कार्य संचालनको निमित्त समितिले आवश्यकता अनुसार कर्मचारी तथा सल्लाहकारको नियुक्ति साधारण सभाले अनुमोदन गरेको प्रकृया बमोजिम गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएका कर्मचारी तथा सल्लाहकारको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु सम्बन्धित संस्था वा संघको विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## रजिष्ट्रार

२१. **रजिष्ट्रारको नियुक्ति** : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही संस्था वा संघ दर्ता गर्न तथा तोकिए बमोजिमका अन्य कार्यहरु गर्न नेपाल सरकारले एकजना रजिष्ट्रारको नियुक्ति गर्नेछ ।

(२) रजिष्ट्रारको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ ।

२२. **अधिकार प्रत्यायोजन** : यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम बमोजिम रजिष्ट्रारलाई प्राप्त अधिकारहरुमध्ये सबै वा कुनै अधिकार रजिष्ट्रारले आफू मुनिका कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद-६
## आर्थिक स्रोत र परिचालन

२३. **शेयर बिक्री गर्ने** : (१) संस्था वा संघले आफनो कार्य क्षेत्रभित्रका सदस्य हुन सक्ने व्यक्तिहरु, सदस्यहरु तथा तोकिए बमोजिमका अन्य निकायहरुलाई शेयर बिक्री गरी शेयर पूँजी संकलन गर्न सक्नेछ ।

(२) संस्था वा संघले नेपाल सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय सहकारी महासंघ (इन्टरनेशनल कोअपरेटिभ एलाएन्स) को सदस्य रहेको विदेशी सहकारी संस्था वा संघलाई कूल शेयर पूँजीको बढीमा बीस प्रतिशत शेयर बिक्री गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम संस्थाले शेयर बिक्री गर्दा एकै व्यक्ति वा संस्थालाई कूल शेयर पूँजीको बीस प्रतिशतमा नबढ्ने गरी बिक्री गर्नु पर्नेछ ।

तर यो बन्देज नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेको संस्था वा निकायलाई लागू हुने छैन ।

(४) सदस्यले जतिसुकै शेयर खरीद गरेको भए तापनि संस्था वा संघको कार्य संचालनमा एक व्यक्ति एक मतको आधारमा मात्र मत दिन पाउनेछ ।

२४. **ऋणपत्र जारी गर्न र ऋण लिन सक्ने** : संस्था वा संघले ऋणपत्र जारी गर्न र स्वदेशी वा विदेशी बैंक वा अन्य निकायबाट ऋण लिन सक्नेछ ।

तर ऋणपत्र जारी गर्नु वा विदेशी बैंकवाट ऋण लिनु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

२५. **ऋण लिंदा नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने** : (१) संस्था वा संघले ऋणपत्र जारी गर्दा ऋणपत्रमा वा विदेशी बैंक वा अन्य निकायको ऋणमा नेपाल सरकारको सुरक्षण प्राप्त गर्न चाहेमा त्यसको लागि नेपाल सरकारसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर नेपाल सरकारले विचार गरी उपयुक्त देखेमा त्यस्तो ऋणपत्र वा ऋणमा सुरक्षण प्रदान गर्न सक्नेछ । त्यसरी सुरक्षण प्रदान गर्दा त्यस्तो ऋणपत्र वा ऋणको भुक्तानीको सम्बन्धमा नेपाल सरकारले आवश्यक शर्त तथा बन्देज तोकिदिन सक्नेछ र सोही शर्त तथा बन्देजको अधीनमा रही संस्था वा संघले ऋणपत्र वा ऋणको भुक्तानी गर्नु पर्नेछ ।

◆२६. **बैंकिङ्ग कारोवार गर्न सक्ने** : (१) संस्था वा संघले आफ्ना सदस्यहरुबाट बचत निक्षेप स्वीकार गर्न र आफना सदस्यहरुलाई कर्जा दिन सक्नेछ ।

(२) संस्था वा संघले उपदफा (१) मा उल्लिखित कारोबार बाहेक आफ्ना सदस्यहरुभित्र मात्र सिमित रहने गरी निक्षेप स्वीकार गर्ने र कर्जा दिने लगायतका अन्य बैकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस्ता संस्था वा संघले नेपाल राष्ट्र बैंकले तोकेको शर्त तथा दिएको निर्देशन पालन गर्नु पर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि दर्ता भै कारोबार गरेका संस्था वा संघले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र उपदफा (१) वा उपदफा (२) बमोजिम कारोबार सन्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्था वा संघहरु मिली एक सहकारी बैंकको स्थापना गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिम बैंकको स्थापनाको लागि नेपाल राष्ट्र बैंकको सिफारिस सहित दरखास्त पेश हुन आएमा रजिष्ट्रारले आवश्यक जाँचबुझ गरी त्यस्तो बैंक दर्ता गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम दर्ता भै स्थापना भएको बैंकले नेपाल राष्ट्र बैंकले स्वीकृति प्रदान गरेको बाणिज्य बैंक ऐन, २०३१ अन्तर्गतका बैकिङ्ग कारोबार सन्चालन गर्न सक्नेछ र सो बैंकले नेपाल राष्ट्र बैंकले तोकेको शर्त र समय समयमा दिएको निर्देशन पालन गर्नु पर्नेछ ।

◆ पहिलो संशोधनद्वारा संशोधित ।

२७. **बचतको वितरण** : (१) संस्था वा संघको कुनै वर्षको खूद बचतको घटीमा एक चौथाई रकम जगेडा कोषमा जम्मा गरेपछि बाँकी रहन आएको रकम मध्येबाट तोकिए बमोजिमका कोषहरु खडा गर्न सकिनेछ ।

(२) जगेडा कोष बाहेकका अरु कोषहरु मध्येबाट ती कोषको उद्देश्य बमोजिम विनियममा उल्लिखित हदसम्मको लाभांश वा बोनस वितरण गर्न सकिनेछ ।

तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको पन्ध्र प्रतिशत भन्दा बढी हुने छैन ।

२८. **आर्थिक सहयोग गर्न नहुने** : संस्था वा संघले कुनै राजनैतिक दल वा धर्म वा सम्प्रदायका लागि कार्य गर्ने संघ संस्थालाई चन्दा दिन वा अन्य कुनै प्रकारको आर्थिक सहयोग गर्न पाउने छैन ।

२९. **ठेक्का पट्टा दिन नहुने** : संस्था वा संघले आफ्नो समिति वा लेखा समितिको कुनै सदस्यलाई वा आफनो कर्मचारीलाई संस्था वा संघको ठेक्का पट्टा दिनु हुँदैन ।

३०. **सदस्यको शेयर वा हक लिलाम बिक्री नहुने** : संस्था वा संघको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर वा हक सोही संस्था वा संघको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व बापत लिलाम बिक्री गरिने छैन ।

## परिच्छेद-७

## एकीकरण वा विभाजन

३१. **एकीकरण वा विभाजन गर्न सक्ने** : (१) दुई वा दुईभन्दा बढी संस्थाहरु आपसमा गाभी एकीकरण गर्न वा एक संस्था वा संघलाई दुई वा दुई भन्दा बढी संस्था वा संघमा विभाजन गर्न सम्बन्धित संस्था वा संघको साधारण सभाको दुई तिहाई बहुमतबाट निर्णय भएको हुनु पर्नेछ । यस्तो निर्णय गर्दा एकीकरण र विभाजनका शर्त र कार्यविधिहरु समेत खोलिएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णयको आधारमा रजिष्ट्रारले सम्बन्धित संस्था वा संघको एकीकरण वा विभाजन गर्नेछ ।

## परिच्छेद-८

## सूचना, अभिलेख तथा हिसाब जाँच

३२. **निर्णयको अभिलेख राख्ने** : प्रत्येक संस्था वा संघको आफ्नो साधारण सभा, समिति, लेखा समिति तथा उपसमितिहरुको बैठक तथा तिनीहरुले गरेको काम कारवाईहरुको अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।

३३. **लेखा तथा अन्य अभिलेख** : प्रत्येक संस्था वा संघले आफूले गरेको सम्पूर्ण कारोबारहरुको लेखाको अभिलेख तथा अन्य आवश्यक अभिलेखहरु तोकिए बमोजिम राख्नु पर्नेछ ।

३४. **सूचना दिनु पर्ने** : प्रत्येक संस्था वा संघले प्रत्येक वर्ष कारोबारको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनको साथै देहायका विवरणहरु समावेश भएको प्रतिवेदन तोकिएको समयभित्र रजिष्ट्रार वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नु पर्नेछ :-

(क) बचत वितरण सम्बन्धी तय गरेको नीति तथा योजना,

(ख) संचालकहरुको नाम तथा बाँकी कार्यावधिको सूची,

(ग) साधारण सभाको बैठकको निर्धारित मिति, र

(घ) समय समयमा रजिष्ट्रारले तोकिदिएको अन्य विवरण ।

३५. **सोधपुछ गर्न सक्ने** : (१) कुनै संस्था वा संघले सन्तोषजनक काम गरेको छैन भनी सो संस्था वा संघको कम्तिमा पाँच प्रतिशत सदस्यले निवेदन दिएमा रजिष्ट्रारले आफै गई सोधपुछ गर्न वा कुनै अधिकारीलाई लिखित रुपमा अधिकार दिई सोधपुछ गराउन सक्नेछ ।

(२) कुनै संस्था वा संघको व्यावसायिक कारोबार सन्तोषजनक नलागेमा रजिष्ट्रारले सोधपुछ गर्न वा कुनै अधिकारीद्वारा सोधपुछ गराउन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम रजिष्ट्रार वा निजबाट अधिकार पाएको अधिकारीले सोधपुछ गर्दा मागेको जानकारी दिई सबै तरहबाट सहयोग गर्नु सो संस्था वा संघको प्रत्येक सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम गरिएको सोधपुछको परिणामको सूचना सो संस्था वा संघलाइ लिखितरुपमा दिइनेछ ।

३६. **निरीक्षण गर्न र सुझाव दिन सक्ने** : (१) रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले संस्था वा संघको निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम भएको नपाइएमा सम्बन्धित अधिकारीले ऐन, नियम वा विनियम बमोजिमको व्यवस्था गर्न आवश्यक सुझाव दिन सक्नेछ ।

३७. **हिसाब जाँच** : (१) संस्था वा संघले प्रत्येक आर्थिक वर्षको हिसाब जाँच सो आर्थिक वर्ष समाप्त भएको तीन महीनाभित्र रजिष्ट्रार वा निजले तोकेको अधिकारीले स्वीकृति दिएको कुनै दर्तावाला लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रजिष्ट्रारको स्वीकृति लिई सम्बन्धित संस्था वा संघको साधारण सभाले दर्तावाला लेखापरीक्षक नियुक्त गरी संस्था वा संघको हिसाब जाँच गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति वा कम्पनीलाई लगातार तीन पटक भन्दा बढी नियुक्त गर्न सकिनेछैन ।

(४) हिसाब जाँचको प्रतिवेदन साधारण सभामा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम साधारण सभामा हिसाब जाँच प्रतिवेदन पेश हुँदा साधारण सभाले अनुमोदन नगरेमा साधारण सभाले अर्को लेखापरीक्षक नियुक्त गरी जाँचबुझ वा पुनः हिसाब जाँच गराउन सक्नेछ ।

(६) लेखापरीक्षकको पारिश्रमिक र सुविधा साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-९

## संस्था वा संघलाइ छुट र सुविधा

३८. **संस्था वा संघलाई छुट र सुविधा** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि संस्था वा संघलाई देहाय बमोजिमको छुट र सुविधा प्राप्त हुनेछः-

(क) संस्था वा संघले अचल सम्पत्ति बाहेक कारोबार सम्बन्धी कुनै लिखत रजिष्ट्रेशन गर्नु गराउनु पर्ने छैन ।

(ख) संस्था वा संघले गरेको अचल सम्पत्तिको लेनदेन वा खरीद बिक्री सम्बन्धी कागजपत्र वा कुनै किसिमको लिखतमा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(ग) ✂ ..................................

(घ) संस्था वा संघले कारोवार गर्ने वस्तुहरुमा स्थानीय कर लाग्ने छैन ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था वा संघले आफ्नो प्रयोगको लागि आयात गर्ने मेशीनरी, औद्योगिक तथा कृषियन्त्र, उपकरण, पार्टपुर्जा, कच्चा पदार्थ, कार्यालय उपकरण तथा ढुवानीका साधनहरुमा लाग्ने भन्सार महसुल वा बिक्रीकर प्रचलित कानून बमोजिम पूरै वा आंशिक रुपमा छुट दिन सक्नेछ ।

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै संस्था वा संघले उत्पादन गरेको मालसामानमा लाग्ने अन्तःशुल्क वा बिक्रीकर प्रचलित कानून बमोजिम पूरै वा आंशिक रुपमा छुट दिनेछ ।

(४) औद्योगिक व्यवसाय गर्ने संस्था वा संघलाइ उपदफा (१), (२) र (३) मा उल्लिखित छुटहरुका अतिरिक्त प्रचलित कानून बमोजिम उद्योगहरुले पाए सरहको अन्य छुट सुविधा र संरक्षण समेत प्राप्त हुनेछ ।

३९. **संस्था वा संघको बाँकी बक्यौता असूल उपर गर्ने** : कुनै व्यक्तिले संस्था वा संघबाट प्राप्त गरेको ऋण वा संस्था वा संघलाइ तिर्नु पर्ने बाँकी बक्यौता, संस्था वा संघको हिनामिना गरेको सम्पत्तिको बिगो र सो रकमहरुमा लागेको ब्याज समेत संस्था वा संघले आफै वा संस्था वा संघको सिफारिसमा रजिष्ट्रारले निजको जाय जेथाबाट तोकिए बमोजिमको कार्यविधि अपनाई लिलाम बिक्री गरी असूल उपर गर्न सक्नेछ ।

४०. **संस्था वा संघले अग्राधिकार पाउने** : कुनै सदस्यले संस्था वा संघलाइ तिर्नु पर्ने रकम नतिरेमा त्यस्तो सदस्यको जायजेथामा नेपाल सरकारको कुनै हक दावी भए त्यसको निमित्त रकम पर सारी बाँकी रहन आएको रकममा संस्था वा संघले अग्राधिकार पाउनेछ ।

## परिच्छेद-१०

## संस्था वा संघको विघटन र दर्ता खारेजी

४१. **संस्था वा संघको विघटन र दर्ता खारेजी** : (१) संस्था वा संघको साधारण सभाको कूल सदस्य संख्याको दुई तिहाई बहुमतले संस्था वा संघ विघटन गर्ने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय सहितको निवेदन प्राप्त भएपछि रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त व्यक्तिले त्यस्तो संस्था वा संघको दर्ता खारेज गर्न सक्नेछ ।

---

✂ केहि नेपाल ऐन संशोधन गर्ने ऐन, २०५७ द्वारा झिकिएको ।

(३) दफा ३५ को उपदफा (२) बमोजिम सोधपुछ गर्दा वा दफा ३६ बमोजिम निरीक्षण गर्दा कुनै संस्था वा संघ लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निस्कृय अवस्थामा रहेको पाइएमा वा कुनै संस्था वा संघद्वारा आफ्नो उद्देश्य विपरीत कार्य गरेको पाईएमा रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त व्यक्तिले संस्था वा संघको दर्ता खारेज गर्न सक्नेछ । यसरी दर्ता खारेज भएमा संस्था वा संघ विघटन हुनेछ र दर्ताको प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

४२. **<u>लिक्वीडेटरको नियुक्ति</u>** : (१) दफा ४१ बमोजिम कुनै संस्था वा संघ विघटन भएमा सो सम्बन्धी कुराको कार्यान्वयन गर्न रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त व्यक्तिले एक जना लिक्वीडेटर नियुक्त गर्नेछ ।

(२) लिक्वीडेटरको काम, कर्तव्य, अधिकार र पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-११

## दण्ड जरिवाना

४३. **<u>विवरण दाखिला नगर्नेलाई जरीवाना</u>** : (१) दफा ३४ बमोजिम प्रतिवेदन पेश नगर्ने वा दफा ३५ को उपदफा (३) बमोजिमको जानकारी नदिने संस्था वा संघलाई रजिष्ट्रारको आदेशले एकहजार पाँचसय रुपैयाँसम्म जरिवाना हुनेछ ।

४४. **<u>सहकारी शब्द प्रयोग गरी ब्यापार गर्नेलाई जरीवाना</u>** : यस ऐन बमोजिम दर्ता भएको संस्था वा संघ बाहेक दफा ४६ को बर्खिलाप हुने गरी ब्यापार व्यवसाय गर्ने व्यक्तिलाई रजिष्ट्रारको आदेशले दुईहजार रुपैयाँसम्म जरीवाना हुनेछ । एकपटक जरिवाना भएपछि त्यस्तो व्यक्तिले सोही दफाको बर्खिलाप हुने गरी पुनः ब्यापार वा व्यवसाय गरेको ठहरिएमा दोस्रो पटक देखि प्रत्येक पटकको लागि पाँचहजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

४५. **<u>पुनरावेदन गर्न सक्ने</u>** : दफा ४१ को उपदफा (३) बमोजिम रजिष्ट्रार वा निजबाट अधिकारप्राप्त व्यक्तिले कुनै संस्था वा संघको दर्ता खारेज गरेकोमा वा दफा ४३ वा दफा ४४ बमोजिम रजिष्ट्रारले गरेको आदेशमा चित्त नबुझ्ने सम्बन्धित संस्था वा संघ वा व्यक्तिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-१२

## **विविध**

४६. **सहकारी शब्द वा सो शब्दको रुपान्तर प्रयोग गर्नमा बन्देज** : यस ऐन बमोजिम दर्ता भएको संस्था वा संघ बाहेक अरु कुनै व्यक्ति, फर्म वा संस्थाले आफनो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तर राखी ब्यापार वा व्यवसाय गर्न पाउने छैन ।

४७. **कम्पनी ऐन, २०२१ लागू नहुने** : यस ऐन अन्तर्गत दर्ता भएको संस्था वा संघको हकमा कम्पनी ऐन, २०२१ लागू हुने छैन ।

४८. **नियम बनाउने अधिकार** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी खास गरी देहायका विषयहरुमा नियमहरु बनाउन सकिनेछ :-

(क) संस्था वा संघको दर्ताको लागि दरखास्त र प्रमाण पत्रको ढाँचा तोक्ने ।

(ख) संस्था वा संघको साधारण सभा र विशेष साधारण सभाको अधिकार र कार्यविधिको व्यवस्था गर्ने ।

(ग) संस्था वा संघको आर्थिक स्रोतको व्यवस्था र परिचालन गर्ने ।

(घ) संस्था वा संघको रेखदेख तथा निरीक्षण गर्ने, गराउने ।

४९. **खारेजी र बचाउ** : (१) साझा संस्था ऐन, २०४१ खारेज गरिएको छ ।

(२) साझा संस्था ऐन, २०४१ अन्तर्गत दर्ता भएको संस्था वा संघ यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

---

**द्रष्टव्यः**

१. कम्पनी ऐन, २०२१ खारेज भई कम्पनी ऐन, २०५३ जारी भएकोमा कम्पनी ऐन, २०५३ खारेज भई कम्पनी ऐन, २०६३ जारी भएको ।

२. केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ ले देहायको शब्दको सट्टा देहायको शब्द राखी रुपान्तरण गरेको छ :

"श्री ५ को सरकार" भन्ने शब्दको सट्टा "नेपाल सरकार" ।